**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ७ गते बुधबार ❑ 23 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## फ्लाई दुबईको नियमित उडानको सुरुवातमै व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लाई दुबईले नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडान सुरु गर्ने भएपछि पोखरका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

लामो प्रतीक्षापछि पोखरा-दुबई सीधा हवाई सम्पर्क सुरु हुन लागेकाले यहाँका होटल, रेष्टुराँ तथा पर्यटनसम्बद्ध व्यवसायीले यात्रु तथा पर्यटकलाई स्वागत गर्न विभिन्न छुट तथा सेवा सुविधा घोषणा गरेका छन् ।

फ्लाई दुबईको पहिलो नियमित उडान बुधबार दुबईबाट पोखरा आउनेछ । उडान तालिकाअनुसार जहाज बुधबार साँझ ६:१५ बजे पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने र पोखराबाट यात्रु लिएर एक घण्टा पछि साँझ ७:१५ बजे दुबईका लागि प्रस्थान गर्नेछ । उडानको सुरुवातसँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोड्ने महत्वपूर्ण आधार तयार हुने अपेक्षा गरिएको छ ।

पहिलो उडानका यात्रुलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत तथा बिदाइ कार्यक्रमसमेत आयोजना गरिने भएको पोखरा पर्यटन परिषदका अध्यक्ष हरि भुजेलले बताउनुभयो । परिषद लगायत पर्यटनसम्बद्ध संस्थाको समन्वयमा बुधबार अपराह्न ४ बजेदेखि दुबई जाने यात्रुलाई खादा-माला लगाएर बिदाइ तथा दुबईबाट पोखरा आउने पाहुनालाई स्वागत गर्ने तयारी गरिएको उहाँले जनाउनु भयो । पोखरामा लामो समयदेखि अन्तराष्ट्रिय नियमित उडान हुन नसकेको अबस्थामा फ्लाई दुबईले धेरै आशा जगाएको अध्यक्ष भुजेलले जनाउनु भयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले नियमित अन्तर्राष्ट्रिय उडानका लागि विमानस्थलले आवश्यक सेवा तथा पूर्वाधारको तयारी पूरा गरेको बताउनुभयो । पहिलो उडानमा आउने विमानलाई पानीको फोहोराले स्वागत गरिने उहाँले जानकारी दिनुभयो ।

अध्यागमन कार्यालय पोखराका प्रमुख अध्यागमन अधिकृत हरिबहादुर भुजेलले पनि अन्तर्राष्ट्रिय उडानका लागि कार्यालय आवश्यक तयारी अवस्थामा रहेको बताउनुभयो र फ्लाई दुबईको टोलीले केही समयदेखि विमानस्थल तथा यहाँको अवस्थाबारे अवलोकन गरिरहेको उहाँले जानकारी दिनुभयो ।

फ्लाई दुबईबाट आउने पर्यटकलाई लक्षित गर्दै पोखराका होटल तथा रेष्टुराँ व्यवसायीले विशेष छुट योजना ल्याएका छन् । होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार पहिलो तीन महिनाका लागि फ्लाई दुबईबाट आउने यात्रुलाई आबद्ध होटलमा २५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ । हालसम्म करिब ५० होटल छुट योजनामा सहभागी भइसकेका छन् भने यो सङ्ख्या अझै बढ्ने जनाइएको छ । पर्यटन व्यवसायीले पोखरा-दुबई उडानलाई नियमित र दीगो बनाउन निजी क्षेत्रबाट पनि योगदान आवश्यक रहेकाले छुट योजना ल्याइएको बताएका छन्।

रेष्टुराँ एण्ड बार एसोसिएसन पोखरा (रेवान) ले पनि फ्लाई दुबईबाट आउने यात्रुलाई संस्थामा आबद्ध रेष्टुराँमा १५ देखि २० प्रतिशतसम्म छुट दिने भएको छ । रेवान पोखराका अध्यक्ष वसन्त गौतमका अनुसार बोर्डिङ पास देखाउने यात्रु तथा पर्यटकले उक्त सुविधा पाउनेछन् । हाललाई तीन महिनाका लागि लागू हुने छुट योजना आवश्यकता अनुसार थप गर्न सकिने उहाँले बताउनुभयो ।

होटल एण्ड रेष्टुरा एसोसिएसन लेखनाथले पनि फ्लाई दुबईका यात्रु तथा पर्यटकलाई २५ प्रतिशतसम्म छुट दिने जनाएको छ । त्यस्तै, पदयात्रा तथा छोटो हाइकिङ गर्न चाहने पर्यटकलाई ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले निःशुल्क पदयात्राको व्यवस्था गर्ने टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले बताउनु भयो ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीकी अध्यक्ष सङ्गीता पौडेलले पोखरेलीको लामो समयदेखिको अन्तर्राष्ट्रिय नियमित उडानको अपेक्षा पूरा हुन लागेको बताउनुभयो । उहाँले फ्लाई दुबईको व्यावसायिक उडान सुरु हुने दिनलाई पोखराको पर्यटनका लागि महत्वपूर्ण दिनका रूपमा लिनुभएको छ । नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा केही पर्यटकलाई निःशुल्क साइटसिइङ गराउने तयारीसमेत रहेको उहाँले जानकारी दिनुभयो ।

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले दुबई हुँदै विश्वका विभिन्न गन्तव्यसँग जोडिने अवसर पोखराले पाउन लागेको बताउनुभयो । उहाँले सुरुआती चरणमा उडानलाई नियमित बनाउन पर्यटन व्यवसायी, सरकारी निकाय र निजी क्षेत्र सबैले प्रवर्द्धनमा सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँका अनुसार पहिलो उडानमा पोखराबाट दुबई जाने करिब १२३ जना र दुबईबाट पोखरा आउने एक सयभन्दा बढी यात्रु रहेको जानकारी प्राप्त भएको छ ।

पोखरा पर्यटन परिषद्, नाट्टा गण्डकी, होटल संघ पोखरा, रेवान पोखरा, टान गण्डकीलगायत पर्यटनसम्बद्ध संस्थाले फ्लाई दुबईको उडानलाई लक्षित गरी संयुक्त रूपमा प्रवर्द्धनात्मक गतिविधि अघि बढाएका छन् । एकीकृत छुट प्याकेज तयार गरी एपमार्फत सार्वजनिक गर्ने तयारी समेत भइरहेको व्यवसायीले बताएका छन् । फ्लाई दुबईले सुरुमा एक महिनाका लागि दैनिक एक उडान गर्ने घोषणा गरे पनि सन् २०२७ मार्च २६ सम्मको बुकिङ खुला गरेको जनाइएको छ । फ्लाई दुबई र इमिरेट्सबीचको रणनीतिक कोडसेयर साझेदारीका कारण पोखराबाट दुबई हुँदै अष्ट्रेलिया, युरोप तथा अमेरिकालगायत विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यमा एउटै टिकटमार्फत यात्रा गर्न सकिने सुविधा रहने बताइएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको लामो समयसम्म नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेको अवस्थामा फ्लाई दुबईको दैनिक उडान सुरु हुनुलाई यहाँका पर्यटन व्यवसायीले नयाँ अवसरका रूपमा लिएका छन्। यसअघि चीनको छेन्दुलगायत केही गन्तव्यबाट चार्टर्ड उडान भए पनि ती उडानले निरन्तरता पाउन सकेका थिएनन् ।

दुबई विश्वको प्रमुख हवाई ट्रान्जिट हब भएकाले पोखराबाट सीधा दुबई उडान सुरु भएपछि पोखराको अन्तर्राष्ट्रिय हवाई पहुँच विस्तार हुने र त्यसबाट पर्यटन तथा समग्र व्यवसायमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । नियमित उडानलाई दीगो बनाउन व्यवसायीले पाहुना स्वागतदेखि होटल, रेष्टुराँ, पदयात्रा तथा साइटसिइङसम्म विभिन्न सुविधा उपलब्ध गराउने तयारी गरेका छन् ।

## बजेट ठूलो कुरा होइन, प्रभावकारी कार्यान्वयन महत्वपूर्ण: पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज



आर्थिक उपार्जनमा पहुँच र अर्थपूर्ण सहभागिताबिना महिला सशक्तीकरण तथा समग्र विकास सम्भव नहुने सरोकारवालाले बताएका छन् ।

विशेषगरी दलित तथा सीमान्तकृत महिलाका लागि वडादेखि नै पर्याप्त बजेट विनियोजन नहुने र विनियोजित बजेटसमेत लक्षित समुदायसम्म प्रभावकारी रूपमा पुग्न नसकेको उनीहरूको गुनासो छ । दलित महिला सङ्घ (फेडो) कास्कीले 'जातीय तथा लैङ्गिक विभेद समग्र विकासको अवरोध' भन्ने नारासहित आयोजना गरेको स्थानीय सरकारका योजना, नीति र बजेटमा प्रमुख सरोकारवाला तथा पत्रकारसँगको अन्तरसम्वाद कार्यक्रममा सहभागीले दलित महिलालाई आयआर्जन, रोजगारी, सीप विकास तथा स्रोतसाधनमा पहुँचसँग जोड्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले बजेटको आकारभन्दा त्यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुने बताउनुभयो । "बजेट ठूलो कुरा होइन, बजेटको प्रभावकारी कार्यान्वयन ठूलो कुरा हो । विनियोजन भएको बजेट लक्षित वर्गसम्म पुगेर उनीहरूको जीवनमा परिवर्तन ल्याउन सक्नुपर्छ," पौडेलले भन्नुभयो । उहाँले संविधान र कानुनले दलित, महिला तथा सीमान्तकृत समुदायका अधिकार सुनिश्चित गरे पनि व्यवहारमा त्यसको लाभ लक्षित समुदायसम्म पुग्न नसके कागजी समानता मात्रै कायम रहने बताउनुभयो । "अधिकार कानुन र संविधानमा सुनिश्चित हुँदैमा मात्रै पर्याप्त हुँदैन । त्यसको वास्तविक लाभ सीमान्तकृत समुदायले अनुभूति गर्न सक्नुपर्छ," उहाँले भन्नुभयो । पौडेलले दलित महिलाको हक, अधिकार र आर्थिक सशक्तीकरणका लागि स्थानीय तहका योजना तथा कार्यक्रमलाई परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँका अनुसार महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन सके मात्रै महिला सशक्तीकरणले वास्तविक अर्थ पाउनेछ ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीकी सदस्य सीतादेवी विश्वकर्माले दलित महिलाको हकअधिकारका लागि नीति तथा कार्यक्रममा बजेट छुट्याइए पनि त्यसको लाभ वास्तविक दलित समुदायसम्म पुग्न नसकेको बताउनुभयो । वडास्तरदेखि नै दलित महिलाका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको गुनासो गर्दै उहाँले बजेट तथा कार्यक्रम बनाउँदा लक्षित समुदायको आवश्यकता पहिचान गर्नुपर्ने बताउनुभयो । सीमान्तकृत महिलालाई स्थानीय स्रोत, साधन र बजारसँग जोड्ने गरी लघु उद्यम, कृषि प्रशोधन तथा पर्यटनमुखी सीप विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो । इन्सेक गण्डकी प्रदेश कार्यालय पोखराका संयोजक गणेश भण्डारीले दलित तथा सीमान्तकृत महिला आर्थिक रूपमा आत्मनिर्भर नभएसम्म नीतिगत तथा कानुनी अधिकार व्यवहारमा कार्यान्वयन हुन कठिन हुने बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष माधवप्रसाद बरालले जातीय तथा लैङ्गिक विभेद अन्त्यका लागि सञ्चार क्षेत्रले निरन्तर खबरदारी गर्नुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहका नीति, योजना तथा बजेटमा दलित महिला र सीमान्तकृत समुदायको सहभागिता तथा लाभको अवस्थाबारे सञ्चारमाध्यमले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कानुनमा मात्र होइन, व्यवहारमै निःशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

नेपालको संविधान तथा कानुनले प्रत्याभूत गरेको निःशुल्क तथा अनिवार्य शिक्षाको अधिकारलाई कागजमा सीमित नराखी हरेक बालबालिकाको पहुँचमा पुऱ्याउनुपर्नेमा पोखरामा आयोजित एक कार्यक्रमका वक्ताले जोड दिएका छन् ।

बहिनी एडुकेयर फाउण्डेसनको आयोजना तथा शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीको समन्वयमा मंगलबार आयोजित 'निःशुल्क तथा अनिवार्य शिक्षाको अधिकार र कार्यान्वयन' विषयक अन्तरक्रियामा सहभागीले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी उनीहरूलाई पुनः शिक्षाको मूलधारमा ल्याउनुपर्ने बताएका हुन् ।


कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी कानुनी व्यवस्था र यसको कार्यान्वयन अवस्थाबारे प्रस्तुति राख्नुभएको थियो । उहाँले शिक्षाको अधिकार सुनिश्चित गर्न कानुनी प्रावधानसँगै त्यसको प्रभावकारी कार्यान्वयन र सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग पोखरा कार्यालयकी प्रमुख नितु गर्तौलाले निःशुल्क शिक्षाको अधिकार व्यवहारमै अनुभूत हुने अवस्था सिर्जना गर्नुपर्ने बताउनुभयो । शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित नहुने वातावरण बनाउन राज्यका सम्बन्धित निकाय जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा गैरसरकारी संस्था महासङ्घ नेपाल, कास्कीकी अध्यक्ष इन्दिरा पौडेलले शिक्षामा सबै बालबालिकाको पहुँच विस्तार गर्न सामाजिक संघसंस्थाले सरकारका सहयोगी निकायका रूपमा भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । उहाँले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, शिक्षामा पुनःसमावेश तथा निरन्तरताका लागि स्थानीय तह, विद्यालय र सामाजिक संघसंस्थाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

बहिनी एडुकेयर फाउण्डेसनका निर्देशक सुरेन्द्र परियारले स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभएको थियो । अन्तरक्रियामा विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था, उनीहरूलाई विद्यालयमा फर्काउने उपाय, शिक्षामा पहुँचका विद्यमान चुनौती तथा निःशुल्क र अनिवार्य शिक्षासम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका विषयमा छलफल भएको थियो ।कार्यक्रममा स्थानीय तहका शिक्षा शाखाका प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग, गैरसरकारी संस्था, विद्यालयका प्रधानाध्यापक, बाल क्लबका प्रतिनिधि, पत्रकार तथा अधिकारकर्मीको सहभागिता थियो ।

सहभागी वक्ताले हरेक बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने र शिक्षामा टिकाइराख्ने जिम्मेवारी कुनै एक निकायको मात्र नभएकाले स्थानीय तह, विद्यालय, सरकारी निकाय तथा सामाजिक संघसंस्थाबीच निरन्तर सहकार्य आवश्यक रहेको बताएका थिए । बहिनी एडुकेयर फाउण्डेसनका अध्यक्ष अभिजित श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन दिगो विकास भविष्य कार्यक्रमकी संयोजक देवी चन्दले गर्नुभएको थियो ।

# बजार अनुगमनमा भएको व्यवहारप्रति निजी क्षेत्रको असन्तुष्टि

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

बजार अनुगमनको नाममा व्यवसायीहरुमाथि अभद्र व्यवहार गरिएको तथा दण्ड र जरिवानाको रसिद थमाएर वर्षौं लगाएर बनाएको ब्राण्ड नै नष्ट गरिएको गुनासोपछि पोखरा उद्योग वाणिज्य संघले प्रशासनिक निकायसँग संवाद र दवाब दुवै बढाएको छ।

सोमबार कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई यो विषयमा ध्यानाकर्षण गराएको पोखरा उद्योग वाणिज्य संघले मंगलबार प्रजिअ गुरुङको प्रमुख आतिथ्यतामा पोखरा महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेल, सशस्त्र प्रहरी बल, कालिका गण मालेपाटनका प्रमुख एसपी वसन्तबहादुर सिंह तथा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक श्री नवीन कार्कीको विशेष उपस्थितिमा संघअन्तर्गत एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमको अध्यक्षता,वरिष्ठ उपाध्यक्ष दिनेशचन्द्र बास्तोलाको धन्यवाद तथा महासचिव सुदीप प्रधानाङ्गको संचालनमा सम्पन्न भएको सो कार्यक्रममा संघअन्तर्गतका बस्तुगत संघ/संस्थाका अध्यक्ष एवं उद्योगी/व्यवसायीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्यसहित विषय प्रवेश गर्दै संघकी अध्यक्ष शोभा गौतमले पोखरा उद्योग वाणिज्य संघले बजारमा अनुगमन नगर्न र गलत गर्नेलाई कारवाहीबाट उन्मुक्ति दिइयोस् भन्ने माग नराखेको बताउँदै अगाडि भनिन्,'अनुगमनको क्रममा मानवीय कमजोरीका कारण देखिएका कतिपय कमजोरीलाई त्यही रुपमा हेरियोस्,सच्चिने मौका दिइयोस् र कारवाहीबापत् जरिवानाको रसिद बुझाउँदा लडाइँ नै जितेजस्तो हल्लाखल्ला गर्दै व्यवसायीको मान मर्दन हुने काम नगरियोस् भन्ने हाम्रो माग हो।'

उपभोक्ताको अधिकारको पैरवी भइरहँदा उद्योगी/व्यवसायीहरुको अधिकारको पनि संरक्षण हुनुपर्ने तथा व्यवसायीहलाई सच्चिने मौका दिनुपर्ने उनको भनाइ थियो।

'वर्षौं लगाएर बनाएको ब्राण्ड ध्वस्त हुने गरी गरिने प्रचारबाजीले उहाँहरुलाई सच्चिने मौका नै दिँदैन बरु सिध्याइदिन्छ,'उनले भनिन्,'कानूनको डण्डा चलाउँदा कसैको व्यवसाय ध्वस्त पार्ने काम नगरौं, कसैलाई उठ्नै नसक्ने, अनुहार नै देखाउन नमिल्ने गरी अपराधी करार नगरियोस्।' उनले एमआरपीभन्दा बढी मूल्य नलिन,सामान बेचेपछि बिल बिजक जारी गर्न तथा कम मूल्यमा सामान खरिद नगर्न व्यवसायी तथा उपभोक्तालाई आग्रह पनि गरिन्। अध्यक्षले विषय प्रवेश गरेपछि बोल्ने व्यवसायीहरु उद्योगी/व्यवसायीहरुले चाहीँ अनुगमनको क्रममा अमूक व्यक्तिलाई दोषी करार गर्ने प्रवृत्ति सही नभएको र अनुगमनभन्दा अगाडि नै सचेतना कार्यक्रमहरु आयोजना गरिनुपर्नेमा जोड दिए।

उता, प्रमुख अतिथि प्रजिअ गुरुङ तथा पोखरा महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले चाहीँ खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत रहेर गरिने 'बजार अनुगमन' उपभोक्ताको स्वास्थ्य र आर्थिक सुरक्षा एवं उद्योगी/व्यवसायीका निम्ति 'स्वच्छ व्यवसायी' मा दर्ज हुने अवसर भएको बताए। साना व्यवसायीहरुलाई ठूलो रकम जरिवाना गरिनु उचित नभएकोमा पनि दुवैजना सहमत देखिए। कार्यक्रममा बोल्दै कास्कीका प्रजिअ गुरुङले आफू व्यवसायीको अधिकार रक्षा एवं सहजीकरणका निम्ति सधैँ सकारात्मक रहेको तर उपभोक्ता हितको पक्षमा काम गर्ने सवालमा कसैसँग सम्झौता नहुने बताए। पोखरा महानगपालिकाका प्रमुख प्रशासकीय अधिकृत पौडेलले असल व्यवसायीले पटक-पटक आफ्नो व्यवसायको अनुगमनको माग गर्नुपर्ने तर्क गर्दै आफूले उपभोग गर्न नसक्ने बस्तु अर्कालाई बिक्री नगर्न व्यवसायीसँग आग्रह गरे। सामान्य किराना पसल चलाउने व्यक्तिलाई ३ लाख जरिवाना उचित नभएको पनि उनले बताए।बजार अनुगमनको क्रममा कसैलाई बदनामी गर्न नहुनेमा जोड दिँदै उनले अनुगमनमा जाने संचार कर्मीले त्यहीँबाट प्रत्यक्ष प्रशारण गर्दा पत्रकारिता आचारसंहिता विपरीत हुने जिकिर पनि गरे।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष सञ्जिवबहादुर कोइरालाले अनुगमनको क्रममा कैफियत भेटिए कारवाही जायज भए पनि अनुगमनमा जाँदा प्रत्यक्ष प्रशारण गर्दै कसैलाई दोषी करार नगर्न आग्रह गरे।साँच्चिकै अनुगमन गर्ने हो भने पहिला पोखरामा अवैध रुपले संचालन भएका व्यवसायमा आँखा लगाउनुपर्नेमा पनि उनको जोड थियो। व्यवसायी मोती भुजेलले १२० रुपैयाँ किलोग्राममा किनेको चिनी व्यवसायीले ११० रुपैयाँमा बेच्न नसक्ने बताउँदै अनुगमन टोलीका व्यक्तिहरुले विषयबस्तुबारे कम जानकारी राख्ने गरेको जिकिर गरे। उनले प्रशासकले प्रशासन नै चलाउनुपर्ने तर शासन चलाउन नहुने पनि बताए। अर्का व्यवसाी खगेन्द्र केसीले दर्ता बिना चलेका फर्निचर उद्योगलाई करको दायरामा ल्याउन माग गरे। चिन्तामणि खरेलले अनलाइनमा सस्तो मूल्य राखेर विभिन्न विद्युतीय सामग्री बिक्रीको प्रचार गरिएको बताउँदै त्यो प्रवृत्ति रोक्नुपर्ने धारणा राखे।

पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य गोविन्दबहादुर केसीले सचेतनापछिमात्र बजार अनुगमन हुनुपर्नेमा जोड दिए। कार्यसमिति सदस्य राम कँडेलले अनुगमन हल्लाका निम्ति हुन नहुनेमा जोड दिए। व्यवसायी शोभाकान्त चापागाईंले खाद्य र अखाद्य बस्तु छुट्याउने बस्तुनिष्ठ आधारबारे जानकारी दिनुपर्ने बताए। विजेन्द्र चौधरीले अनुगमनमा विज्ञलाई समावेश गर्नुपर्ने बताए।

होमनाथ ढकालले साना व्यवसायीलाई टिकाउन ठूला व्यवसायीमाथि निगरानी बढाउन माग गरे। व्यवसायी उषा तिमिल्सिनाले व्यवसायीलाई चोरेर ल्याएको सामान बेचेजस्तो व्यवहार नगर्न आग्रह गर्दै फुटपाथमा हुने अवैध व्यवसाय रोक्न माग गरिन्। कमल न्यौपानेले पानीपुरी र चटपटजस्ता फुटपाथमा बेचिने खाद्य सामग्रीको गुणस्तरमा ध्यान दिनुपर्ने बताए। तेजेन्द्र पौडेलले अनुगमन गर्दा सम्मानपूर्वक व्यवहार गर्नुपर्नेमा जोड दिए। यस्तै व्यवसायी विष्णु अधिकारीले दर्ता नभएका अटोका काम गर्नेलाई करको दायरामा ल्याउनुपर्ने बताए।


## शिलबन्दी बोलपत्रबाट पिकअप गाडी बिक्रीको सूचना

(प्रकाशित मिति: २०८३/०६/०६)

यस सहकारी संस्था लि.को नाममा ब्लू बुक रहेको प्राईभेट नम्बर प्लेट नं. ग २ च ९१०१ नम्बरको, ७९८ सी.सी. को मोडेल 2018 TATA MEGA XL को Bronze Colour को डिजेल इन्जिन भएको पिकअप टाटा डेलिभरी भ्यान, गाडी जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिल्ड टेण्डर बाट बिक्री गर्नु परेकोले ईच्छुक खरीदकर्ता (ब्यक्ति, फर्म वा कम्पनी) ले मिति २०८३/०६/१५ गते सम्ममा संस्थामा आएर गाडी हेर्न र संस्थाले उपलब्ध गराएको नि:शुल्क टेण्डर (बोलपत्र) फारममा आफूले खरीद गर्न कबुल गरेको रकम भरी, यसै संस्थामा रहेको "पिकअप गाडी बोलपत्र धरौटी" खातामा कबुल गरेको रकमको कम्तिमा १० (दस) प्रतिशत रकम जम्मा गरि सोको भौचर समेत संलग्न गरि मिति २०८३ साल असौज १८ गते कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र असौज २० गतेको दिन दिनको १.०० (एक बजे) खरीदकर्ता आफै वा निजको आधिकारिक प्रतिनिधी वा कोइ उपस्थित नभए पनि कार्यालयको कर्मचारीको रोहवरमा खोलिने छ। अधिकतम् मूल्य राख्ने टेण्डरवालालाई गाडी बिक्री गर्ने/नगर्ने निर्णय गर्ने अधिकार संस्थाको हुनेछ। टेण्डर स्वीकृत भएमा बाँकी रकम ७ (सात) कार्य दिन भित्र बुझाई सक्नु पर्नेछ अन्यथा धरौटी जफत गरि थप आवश्यक प्रकृया (प्रोसेस) अपनाईने छ। अन्य कुरा संस्थाको विनियम र प्रचलित ऐन कानून अनुसार हुनेछ।

**राष्ट्रिय बहुउद्देश्यीय सहकारी संस्था**
राम बजार,पोखरा-१०, कास्की
E-mail : rastriyacooperative@gmail.com
Tel. 061-435678, 061-435796



## कर्मचारी आवश्यकता

यस संस्थाको लागि निम्न बमोजिम कर्मचारीहरुको आवश्यकता परेकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट यो विज्ञापन प्रकाशन भएको मितिले १० (दस) दिन भित्र नागरिकता तथा योग्यताको सबै प्रमाणपत्रहरुको फोटोकपी र २ (दुई) प्रति हालै खिचिएको पासपोर्ट साईजको फोटो समेत राखी कार्यालय समय भित्र नेपाली वा अंग्रेजी भाषामा निवेदन दिन सकिनेछ वा तलको ई-मेल ठेगानामा अनलाइन निवेदन दिन सकिनेछ। म्याद नाघी आएको वा रित नपुगेको निवेदन उपर कार्यवाही गरिने छैन।

**आवश्यक विवरण**

| क्र.सं | पद | संख्या | उमेर | अनुभव | शैक्षिक योग्यता | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | सचिवालय सेक्रेटरी | १ | बढीमा २७ बर्ष (युवक वा युवती) | अंग्रेजी बोल्न, अंग्रेजीमा पत्राचार गर्न जान्ने र कम्प्युटर तालिम लिएका लाई बिशेष प्राथमिकता दिइनेछ | कम्तीमा प्लस टू (+2) उत्तिर्ण Internet, E-mail चलाउन जान्ने हुनुपर्ने | पोखरा, काठमाण्डौ, (आवश्यकता अनुसार विदेश भ्रमण) |
| २ | कार्यालय सहायक | १ | बढीमा २५ बर्ष (युवक वा युवती) | अनुभवी र कम्प्युटर तालिम लिएका लाई बिशेष प्राथमिकता दिइनेछ | कम्तिमा ब्याचलर उत्तिर्ण, Internet, E-mail चलाउन जान्ने हुनुपर्ने | पोखरा |
| ३ | उप सहायक | १ | बढीमा २४ बर्ष (युवक वा युवती | अनुभवी र कम्प्युटर तालिम लिएका लाई बिशेष प्राथमिकता दिइनेछ | कम्तिमा (+2) उत्तिर्ण, Internet, E-mail चलाउन जान्ने हुनुपर्ने | पोखरा |
| ४ | सवारी चालक कार, जीप | १ | बढीमा ४० बर्ष (युवक ) | ड्राइभिङ्ग लाइसेन्स प्राप्त गरि कम्तीमा ५ बर्ष गाडी चलाएको, बढी योग्यता भएका लाई विशेष प्राथमिकता दिइनेछ | कम्तिमा साधारण लेखपढ गर्न जान्ने | पोखरा, काठमाण्डौ, (आवश्यकता अनुसार अधिराज्य भरी) |

**राष्टिय बहुउद्देश्यीय सहकारी संस्था लि.**
राम बजार, पोखरा -१०
**E-mail : rastriyacooperative@gmail.com**
**Tel. 061-435678, 061-435796**


# प्रधानमन्त्री शाह अमेरिका प्रस्थान, यस्तो छ न्युयोर्कको कार्यतालिका

**काठमाडौं**
पोखरा, ६ असोज

प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आज अमेरिकाको न्युयोर्कतर्फ प्रस्थान गर्नुभएको छ।

उहाँ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मंगलबार साँझ कतार एयरवेजको विमानमार्फत कतारको दोहा हुँदै त्यसतर्फ प्रस्थान गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

प्रधानमन्त्री शाहलाई कतारको दोहास्थित हमाद अन्तरराष्ट्रिय विमानस्थलमा कतारका लागि नेपालका कार्यवाहक राजदूत कुमार राई र दूतावासका वरिष्ठ अधिकारीहरूले स्वागत गर्नुहुनेछ। प्रधानमन्त्री शाह दोहाबाट स्थानीय समयअनुसार बुधबार १:४५ बजे न्युयोर्कतर्फ प्रस्थान गर्नुहुनेछ। उहाँलाई न्युयोर्कस्थित जोन एफ केनेडी अन्तरराष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत शरदराज अरनलगायतका अधिकारीहरूले स्वागत गर्नुहुनेछ।

सोही दिन प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा पुग्नुहुनेछ। त्यहाँ उहाँलाई भ्रमणका विषयमा परराष्ट्र सचिव, संयुक्त राष्ट्रसङ्का लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत र न्यूयोर्कस्थित नेपालका महावाणिज्यदूतले ब्रिफिङ गर्नुहुनेछ। त्यसलगत्तै प्रधानमन्त्री शाह उहाँको सम्मानमा नेपालका लागि स्थायी प्रतिनिधिहरूले आयोजना गर्ने समारोहमा सरिक हुनुहुने कार्यक्रम छ। असोज ८ गते प्रधानमन्त्री शाह र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबीच भेटवार्ता हुनेछ।

त्यसलगत्तै प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घको महासभालाई नेपालको तर्फबाट सम्बोधन गर्नुहुनेछ। असोज ९ गते प्रधानमन्त्री शाह न्युयोर्कबाट दोहाका लागि प्रस्थान हुनुहुनेछ। उहाँलाई न्युयोर्कस्थित जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत अरनलगायतका अधिकारीहरूले बिदाइ गर्नुहुनेछ।

प्रधानमन्त्री शाह यही असोज १० गते स्वदेश फर्कने तालिका छ।

# बाढीपीडितका लागि सिटीवान टेलिभिजनको १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

सिटीवान टेलिभिजनले रसुवाको भोटेकोशी क्षेत्रमा बाढीबाट प्रभावित नागरिकको सहयोगार्थ १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको छ।

टेलिभिजनले आयोजना गरेको प्रदेशस्तरीय पाँचौं खुला तीज गीत प्रतियोगिता-२०८३ बाट बचत भएको रकम बाढीपीडितको सहयोगका लागि कोषमा जम्मा गरिएको हो। यसपटकको तीज गीत प्रतियोगिता पनि भोटेकोशी बाढीबाट प्रभावित नागरिकलाई समर्पण गरिएको थियो। टेलिभिजनले जम्मा गरेको रकमको भौचर मङ्गलबार सिटीवान टेलिभिजनका अध्यक्ष पवनकुमार प्रजापति, सचिव सुरेश श्रेष्ठ, बोर्ड सदस्य तथा तीज गीत प्रतियोगिता संयोजक सुष्मा थापा पाण्डे, बोर्ड सदस्य कमलबहादुर सुनार, प्रबन्ध निर्देशक अनिशा श्रेष्ठ लगायतले कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई हस्तान्तरण गरे।

भौचर हस्तान्तरण कार्यक्रममा टेलिभिजनका अध्यक्ष पवनकुमार प्रजापतिले सूचना प्रवाहमार्फत नागरिकलाई सुसूचित गराउने उद्देश्यले टेलिभिजन सञ्चालन गरिएको बताए।

आर्थिक रूपमा नाफा नभए पनि विपद्को समयमा सामाजिक दायित्व निर्वाह गर्नुपर्छ भन्ने उद्देश्यले कठिन परिस्थितिका बीच कार्यक्रम आयोजना गरी रकम बचत गरेर राहत कोषमा जम्मा गरिएको उनले बताए।

प्रमुख जिल्ला अधिकारी गुरुङका अनुसार जिल्ला प्रशासन कार्यालयले हरेक वर्ष विपद् प्रतिकार्य योजना तयार गर्दै सम्भावित विपद्का क्षेत्र तथा जोखिमको नक्सांकन गर्ने गरेको छ।

विपद्पूर्वको तयारी, विपद्का समयमा गरिने प्रतिकार्य तथा जोखिम न्यूनीकरणका उपायबारे टेलिभिजनमार्फत निरन्तर जनचेतना फैलाउन उनले आग्रह गरे। भोटेकोशी बाढीपीडितका लागि सिटीवान टेलिभिजनले गरेको सहयोगको समेत उनले प्रशंसा गरे। सिटीवान टेलिभिजनका प्रबन्ध निर्देशक अनिशा श्रेष्ठले जिम्मेवार समाचार सम्प्रेषण गर्नुका साथै विपद् तथा सङ्कटका समयमा समाज र नागरिकसँग उभिनु सञ्चार माध्यमको सामाजिक जिम्मेवारी भएको बताइन्।

# पोखरामा भुटानको राष्ट्रिय क्रिकेट टोलीको चार वटा अभ्यास खेल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

विश्व पर्यटन दिवसका अवसर पारेर भुटानको राष्ट्रिय क्रिकेट टोलीले पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा चार वटा मैत्रीपूर्ण अभ्यास खेल खेल्ने भएको छ।

आगामी आइसिसी मेन्स टी-२० विश्वकप एसिया सब-रिजनल क्वालिफायर 'ए' को तयारीका लागि भुटानको राष्ट्रिय पुरुष क्रिकेट टोली पोखरा आउन लागेको हो।

नेपाल क्रिकेट सङ्घ (क्यान) को सहयोग तथा गण्डकी प्रदेश प्रादेशिक सङ्घको आयोजनामा भुटानी टोलीले पोखरामा चार वटा अभ्यास खेल खेल्ने गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो। उहाँका अनुसार आगामी अक्टोबर ३ देखि मलेसियामा सुरु हुने प्रतियोगिताको तयारीस्वरूप भुटानले पोखरालाई अभ्यास गन्तव्यका रूपमा छनोट गरेको हो। पोखरामा हुने अभ्यास खेलले यहाँको क्रिकेट विकाससँगै खेल पर्यटन प्रवर्द्धन तथा पोखरालाई अन्तरराष्ट्रिय खेलकुद गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

"पोखराको क्रिकेट पूर्वाधार, खेलकुद गतिविधि तथा पर्यटनबीचको सम्बन्धलाई थप मजबुत बनाउन यो अभ्यास खेल महत्वपूर्ण हुनेछ", अध्यक्ष सिग्देलले भन्नुभयो। तालिका अनुसार भुटानले असोज ११ र १२ गते गण्डकी प्रदेश क्रिकेट टोलीसँग, तथा असोज १४ र १५ गते क्यान-११ सँग अभ्यास खेल खेल्नेछ। सबै खेल पोखरा क्रिकेट मैदानमा आयोजना हुनेछन्।

सेप्टेम्बर २७ अर्थात् विश्व पर्यटन दिवसका दिन पोखरा क्रिकेट मैदानमा भुटान र गण्डकी प्रदेशबीच हुने पहिलो अभ्यास खेललाई क्रिकेट र पर्यटनलाई जोड्ने महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

गण्डकी प्रदेश क्रिकेट सङ्घले पोखरालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्रिकेट गतिविधिको केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य राखेको सङ्घका सचिव सुमनराज कार्कीले बताउनुभयो।

"भुटानको राष्ट्रिय टोलीको पोखरा भ्रमणबाट खेल पर्यटन प्रवर्द्धन, अन्तरराष्ट्रिय खेलकुद सम्बन्ध विस्तार तथा पोखराको राष्ट्रिय-अन्तरराष्ट्रिय पहिचान थप मजबुत बनाउन योगदान पुग्ने विश्वास लिएका छौं।

# बजेट बारे ....

नियमित रूपमा उठान गर्नुपर्नेमा जोड दिनुभयो।

गैरसरकारी संस्था महासङ्घ नेपाल कास्कीकी अध्यक्ष इन्दिरा पौडेलले महिला तथा दलित समुदायको अर्थपूर्ण सहभागिता बढाउन स्थानीय तह, नागरिक समाज र सञ्चार क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा पोखरा महानगर पालिकाका लेखा अधिकृत नवीनकुमार बरालले स्थानीय तहको योजना तथा बजेट निर्माण र कार्यान्वयनका विषयमा प्रस्तुति दिनुभएको थियो।

फेडो कास्कीकी अध्यक्ष लक्ष्मी खाती परियारको अध्यक्षतामा भएको कार्यक्रममा अगुवा समूहकी अध्यक्ष विमला परियारले स्वागत र कार्यक्रम संयोजक तनुजा परियारले सञ्चालन गर्नुभएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# मौसम विज्ञान विभागको सूचना पालना

मौसम विज्ञान विभागले आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको जनाएको छ । सोमबार साँझ जारी मनसुन विशेष मौसम बुलेटिनअनुसार मौसममा आउने यस बदलाबले जनजीवन प्रभावित हुन सक्नेछ। भनेर सतर्क गराएको छ । तीन दिनको अवस्थाको बारेमा उत्तर अण्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यूनचापीय क्षेत्र हाल बंगालको खाडीको मध्य भू-भागमा पुगेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै 'डिप डिप्रेसन' (बलियो न्यूनचापीय क्षेत्र) मा परिणत भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यो प्रणाली पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्ने देखिएकाले यसको प्रभावस्वरूप बुधबारदेखि नै कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि बढ्दै जानेछ । महाशाखाका अनुसार असोज ९ देखि ११ गतेसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुनेछ भने एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ । अबको केही दिन मुलुकैभरि भारी वर्षाको सम्भावना जल तथा मौसमय विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले औंल्याएको छ । भारी वर्षा हुने भनेको बाढी र पहिरोको जोखिम निम्तिने हो । मौसम पूर्वानुमान महाशाखाको सूचनालाई आधार मानेर फेरि सतर्क हुनुपर्ने भएको छ। राज्यका निकायबाट सूचना आउन् या नआउन् यात्रुहरू स्वयंले नै विचार गर्नुपर्ने भएको छ । यो सबै सचेत नागरिकको कर्तव्य हो कि जोखिम हुने बेला सावधानी अपनाएर आफै जिउ जोगाउने। मौसमसम्बन्धी निकायको समन्वय राज्यका अरू निकायसँग पनि हुनुपर्छ । आफ्नै सूचना सबै सरकारी निकायमा पनि उसले दिनुपर्छ । ता कि सबैले जोखिमका आआफ्ना क्षेत्रमा सावधानी अपनाउन र सतर्क रहन सूचित गर्न सकून् र जोखिमबाट जोगिन अनि जोगाउन । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका अनुसार असोज हिमालीदेखि पहाडी प्रदेशहरूमा हिमपात र भारी वर्षाको सम्भावना छ। मधेस पनि अछुतो हुने छैन ।

यो केवल एउटा मौसमी सूचना होइन, पूर्वतयारीका लागि बजेको घण्टी हो भनेर सबैले बुझ्नुपर्छ । मौसमसम्बन्धी पूर्वानुमानको प्रणाली नेपालमा चुस्त हुँदै आएको छ । उपकरण र विज्ञ मानव संसाधनका कारण त्यो सम्भव भएको छ। त्यसको सही सदुपयोग भनेको मौसम विभागको सूचनालाई विश्लेषण गरी पालना गर्दा नै हुन्छ। विपत् बाजा बजाएर आउँदैन भन्ने आहानलाई आधुनिक विज्ञानले गलत सावित गर्दै गएको छ भने हामीले त्यही विज्ञानको समुचित सदुपयोग गर्नुपर्छ। हेलचेक्र्याइँ गर्ने वा सामान्य रूपमा लिने गर्‍यौं भने भौतिक धनसम्पत्ति र ज्यानको पनि नोक्सान हुन सक्छ। प्रकृतिका सामु मानिसको जोर चल्न मुस्किल हुन्छ। उसको सामना गर्न पनि कठिन हुन्छ। तसर्थ जोखिमको ख्याल गरी त्यसअनुसार जोगिनु नै बुद्धिमत्ता हो ।

यही कुरा मनन् नागरिक र राज्य तह दुवैतिरबाट हुनुपर्छ । मौसम विभागको सूचना र पूर्वानुमान केवल उसको कर्मकाण्डी रीत होइन, राज्यका निकायले सदुपयोग गर्नुपर्ने शक्तिशाली सूचना हो । नागरिकले पनि यस्तो बेला राज्यले जारी गर्ने सूचनामा जोरजबरजस्ती र बहानाबाजी गर्ने होइन, पालना गर्ने हो । नागरिक जोगिन र जोगाउन पूर्णरूपमा राज्यको एकल प्रयासले सम्भव हुँदैन, स्वयं नागरिकको पनि साथ चाहिन्छ। भारी वर्षाको सूचना र पूर्वानुमानलाई पनि त्यही कोणबाट लिएर सतर्क हुनुपर्छ । विगतमा सुचनालाई गम्भीरतापूर्वक नलिदा र सावधानी नअपनाउँदा ठूलो क्षति व्यहोर्नुपरेको थियो । अब भने सावधानी अपनाउने र सरकारी सूचनाको पालना अनिवार्य हुनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# महिला कबड्डीमा नेपालको जित

**रासस**
काठमाडौं, २ भदौं

जापानको नागोयामा जारी २० औं एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला कबड्डी खेलमा नेपालले थाइल्यान्डमाथि जित हासिल गरेको छ । जापानको टोकाइ सिटिजन जिम्नेसियममा आज भएको पहिलो खेलमा नेपालले थाइल्यान्डलाई ४६-४३ स्कोरले पराजित गर्दै जित हासिल गरेको हो ।


## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक हिस्तान गा.वि.स. वडा नं. ५ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ७ वस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५३४६४५८W, पूर्ण बहादुर पुनको श्रीमती लिल देवी पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर लिल देवी गर्बुजा पुन र जन्ममिति वि.सं. २०२९/०५/१५ (ई.सं. १९७२/०८/३०) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर लिल देवी पुन र जन्ममिति वि.सं. २०२९/०६/१४ (ई.सं. १९७२/०९/३०) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. १०३, मिति २०८३/०५/०८ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**



**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**नवलपरासी (वर्दघाट सुस्ता पूर्व), कावासोती**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला नवलपरासी (ब.सु.पू.) गैडाकोट नगरपालिका वडा नं. १६ निवासी भारतीय पेन्सनर (भारतीय भु.पु. सैनिक नं १३६८५७०१H) सिब लाल खत्रीले तपसिल बमोजिमको कागजातमा मेरो मेरो श्रीमतीको नाम, थर र जन्म मिति फरक-फरक भएतापनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरी पाउँ भनि निवेदन दिनु भएकोमा अस्थायी प्रहरी पोष्ट बेल्डिहा, नवलपरासी (ब.सु.पूर्व) को च.नं. १६, मिति २०८३/०५/२२ को प्रहरी सर्जमिन मुचुल्का र गैडाकोट नगरपालिका वडा नं. १६ को च.नं. १८७ मिति २०८३/०५/१५ को पत्रानुसार उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस भई आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ । तपसिल

| श्रीमतीको नागरिकता प्रमाणपत्रमा उल्लेख भएको श्रीमतीको नाम, थर र जन्म मिति | निजको भारतीय पेन्सन पट्टामा उल्लेख भएको निजको श्रीमतीको नाम, थर र जन्म मिति | कैफियत |
|---|---|---|
| **नाम, थर :** **धन कुमारी खत्री** **जन्म मिति:** २०२८/०२/१० | **नाम.यर: धन कुमारी** (DHAN KUMARI) **जन्म मिति:** २०२८/०४/०४ ( A.D.1971-07-20 ) | **एउटै व्यक्ति** |

प्रमुख जिल्ला अधिकारी



**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २२ (साबिक पुम्दी भुम्दि गाविस वडा नं. ०६) निवासी भारतीय भु.पु.सै.नं. ५४४७५३६ K का नायक लोकु गुरुङको माग निवेदन अनुसार निजको श्रीमती देवी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर देवी गुरुङ र जन्ममिति वि.सं. २०१४/०६/१४ (ई.स. १९५७/०९/३०) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर देवी कुमारी (Devi Kumari) र जन्म मिति ई.सं. १९६१-०३-२२ उल्लेख भई फरक परेता पनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ३०५ मिति २०८३/०४/२६ को सिफारिसपत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**



# फेवा बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.**
**फोन: ०६१-५७३३७५, ५७२२३६**

## २७ औ बार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०६/०७ गते**

यस **फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-५**को मिति २०८३ साल श्रावण ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **२७ औं वार्षिक साधारण सभा** तपशीलका विषयवस्तु उपर छलफल गरी निष्कर्ष निकाल्दै निर्णयमा पुग्न निम्न मिति, समय र स्थानमा आयोजना गरिएकोले सम्पूर्ण सदस्यज्यूहरु सभामा उपस्थित हुनको लागि यसै सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ । थप जानकारीको लागि विभिन्न सञ्चार माध्यमहरु फेसबुक पेज, वेबसाइट र पत्रपत्रिकामा समेत सूचना सम्प्रेषण गरिएको छ ।

**तपशील**

**क) छलफलका विषयहरू:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा समितिको तर्फबाट तयार गरिएको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
३. आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
५. आ.व. २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
६. आ.व. २०८२/०८३ को शेयर लाभांश एवम् संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७. संस्थाको पुनर्लेखन विनियम २०८३ सम्बन्धमा दफावार छलफल र परिमार्जन सम्वन्धमा ।
८. शेयर सदस्यहरूको सुझाव एवं जिज्ञासाको समष्टिगत प्रस्तुतिकरण ।
९. संस्थाका नीति, निर्देशिका र कार्यविधिहरू संशोधन तथा पारित गर्ने सम्बन्धमा ।
१०. कानुनी प्रकृयामा रहेका लेना रकम असुलउपर सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरण सम्बन्धमा ।
१२. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा
१३. विशेष प्रस्तावहरु सम्बन्धमा ।

**ख) साधारण सभा तालिका (मिति, समय र स्थान):**

| | |
|---|---|
| मिति | : २०८३ आश्विन १७ गते, शनिबार । |
| समय | : बिहान ८:३० बजे । |
| स्थान | : एस.आर.के.सी. बैंकक्यूट, पोखरा-१२, माटेपानी |
| सम्पर्क | : ९८५६०१२४४६, ९८४६४३४२६६, ९८५६०२२७५० |
| वेबसाईट | : www.fewacooperative.com.np |

(**नोट**: साधारण सभामा संस्थाका शेयर सदस्य मात्र ठीक समयमा उपस्थित हुन अनुरोध छ । संघ संस्थाका प्रतिनिधि आउने भएमा अग्रिम लिखित रुपमा जानकारी गराउनुहोला साथै वेबसाईटबाट पनि प्रतिवेदन अध्ययन गर्न सकिने छ । शेयर सदस्यज्यूहरुलाई खाजा/ खानाको व्यवस्था गरिएको छ । अन्य थप जानकारी आवश्यक परेमा यसै संस्थाको प्रधान कार्यालय जिरो किलोमिटरमा सर्म्पक गर्न सक्नुहुने छ । निर्वाचन सम्बन्धी कार्यक्रम अर्को सूचनामा प्रकाशित गरिने छ र निर्वाचन कार्यालय संस्थाको प्रधान कार्यालयमा रहने छ ।)

दिल बहादुर भट्टराई
सचिव

## निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**को विनियम २०७२ तथा निर्वाचन निर्देशिका २०७४ बमोजिम यहि **मिति २०८३ असोज १७ गते २७ औं बार्षिक साधारण सभा**मा हुने सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम देहाय बमोजिम हुने हुदाँ सबै सदस्यहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्वाचन हुने पदहरु:-**

| सञ्चालक समिति | | लेखा तथा सुपरिवेक्षण समिति | |
|---|---|---|---|
| अध्यक्ष | १ | संयोजक | १ |
| उपाध्यक्ष | १ | सदस्य | १ |
| सचिव | १ | सदस्य | १ |
| कोषाध्यक्ष | १ | | |
| सदस्य | ५ | | |
| जम्मा | ९ | जम्मा | ३ |

**निर्वाचन तालिका**

| क्र.स. | कार्यक्रम | मिति | समय | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | मतदाता नामावली प्रकाशन | २०८३/०६/११ | ११ बजे | |
| २ | मतदाता नामावली उपर दावि, छानविन तथा अन्तिम मतदाता नामावली प्रकाशन | २०८३/०६/१२ | ११:३० बजे | ३:०० बजे |
| ३ | उम्मेदवारी पत्र वितरण, दर्ता | २०८३/०६/१४ | ११:०० | १:०० बजे |
| ४ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३/०६/१४ | १:१५ बजे | |
| ५ | उम्मेदवारी उपर दाबी विरोध | २०८३/०६/१४ | १:३० बजे | २:३० बजे |
| ६ | विरोध उपर छानविन, निर्णय र उम्मेदवारी फिर्ता | २०८३/०६/१४ | २:३५ बजे | ३:३० बजे |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/०६/१४ | ४:०० बजे | |
| ८ | उम्मेदवारको परिचय (साधारण सभा हुने स्थान) | २०८३/०६/१७ | ७:३० बजे | ८:०० बजे |
| ९ | मतदान | २०८३/०६/१७ | प्रथम सत्र पश्चात | |
| १० | मत गणना | २०८३/०६/१७ | मतदान पश्चात | |
| ११ | निर्वाचन परिणाम घोषणा र प्रमाण-पत्र वितरण | २०८३/०६/१७ | मतगणना पश्चात | |
| १२ | सपथ ग्रहण | २०८३/०६/१७ | परिणाम घोषणा पश्चात | |

**नोट** : उल्लेखित तालिका फेरबदल तथा अन्य निर्वाचन सम्बन्धी काम कारवाही तथा सूचना प्रकाशन गर्नु परेमा निर्वाचन उपसमितिले निर्णय गर्न सक्ने छ। निर्वाचनको कार्यालय संस्थाको प्रधान कार्यालयमा रहने छ। थप जानकारीको लागि संस्थाको प्रधान कार्यालय जिरो कि.मि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

**संयोजक**
**निर्वाचन उपसमिति**

# बिरामीको चाप बढेपछि डायलाइसिस क्षमता विस्तार

पोखरापत्र संवाददाता
बागलुङ, ६ असोज

धौलागिरि प्रादेशिक अस्पताल बागलुङले मिर्गौलाका बिरामीको चाप बढेपछि डायलाइसिसको क्षमता थप गरेको हो । अस्पतालले आइतबारदेखि थप चार वटा डायलाइसिस उपकरण सञ्चालनमा ल्याएर सेवा क्षमता विस्तार गरेको हो ।

यसअघि ६१ मिर्गौलापीडितलाई सेवा दिँदै आएको अस्पतालले चार वटा उपकरण थप गरेपछि अब ७१ जनालाई सेवा दिन सहज भएको छ । क्षमता विस्तारसँगै अस्पतालमा डायलाइसिस उपकरणको सङ्ख्या १२ पुगेको छ । पालो कुर्ने बिरामीको सङ्ख्या बढ्दै गएपछि गण्डकी प्रदेश सरकारको सहयोगमा भवनको क्षमता विस्तार गरी सेवा थप गरिएको डायलाइसिस शाखाप्रमुख तथा वरिष्ठ नर्सिङ अधिकृत निमा हिताङले जानकारी दिनुभयो ।

उहाँका अनुसार सरुवा रोग लागेका मिर्गौलाका बिरामीका लागि छुट्टै शय्याकोसमेत व्यवस्था गरिएको छ । यसअघि छुट्टै शय्या नहुँदा अन्य बिरामीमा सरुवा रोग सर्न सक्ने जोखिम थियो । मिर्गौलाले काम गर्न छाडेका बिरामीले स्वास्थ्य अवस्थाअनुसार सातामा दुईदेखि पटकसम्म डायलाइसिस गर्नुपर्ने हिताङले बताउनुभयो ।

सेवा विस्तारका लागि गण्डकी प्रदेश सरकारले गत आर्थिक वर्षमा रु २० लाख र अस्पताल व्यवस्थापन समितिको रु २० लाख गरी रु ४० लाख खर्च भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष श्रीप्रसाद शर्माले जानकारी दिनुभयो ।

उक्त रकमबाट भवनको एक तला थप गर्नुका साथै आवश्यक चार वटा डायलाइसिस उपकरण खरिद गरिएको हो । "डायलाइसिस विभागको भुइँतलामा एकतला थपगरी आवश्यक उपकरण व्यवस्थापन गरेर सेवा विस्तार गरिएको हो", अध्यक्ष शर्माले भन्नुभयो, "लामो समयदेखि पालो कुरेर पोखरादेखि काठमाडौँसम्म पुगेर डायलाइसिस गराउँदै आएका मिर्गौला फेल भएका १० जना सेवाग्राहीलाई थप सेवा दिन थालिएको छ ।

सेवा विस्तारपछि पालो नपाएर डायलाइसिसका लागि पोखरा तथा काठमाडौँ जानुपर्ने बाध्यता केही हदसम्म कम हुने अपेक्षा गरिएको छ ।

## एउटै व्यक्ति भएको सूचना

पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. २ (साविक थापाठाना गा.वि.स. वडा नं. ५) बस्ने भारतीय सेना भु.पु.नं. १३९४६६८७K, AMC H/NB/SUB Krishna Prasad Sharma (नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गोकर्ण थापा क्षेत्री भन्ने कृष्ण प्रसाद शर्मा) को तपशिल बमोजिम पारिवारिक विवरण रहेको भनी जिल्ला प्रहरी कार्यालय पर्वतको च.नं. ३७३ मिति २०८३/०६/०५ को पत्रसाथ प्राप्त प्रहरी मुचुल्का तथा फलेवास नगरपालिका २ नं. वडा कार्यालय पर्वतको च.नं. १९२, मिति २०८३/०६/०१ को पत्रबाट सिफारिस भै आएकाले तपशिल बमोजिमको विवरण पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ। **तपसिल**

| क्र.स. | नामथर | नाता | जन्म मिति | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोकर्ण थापा क्षेत्री भन्ने कृष्ण प्रसाद शर्मा | पेन्सनर | २०१६/०७/१९ | विवाहित २०२३/१०/२५ | जिवित |
| २ | मुवा थापा क्षेत्री | श्रीमती | २०२१/०३/२७ | विवाहित २०२३/१०/२५ | जिवित |
| ३ | कमल थापा | छोरा | २०४८/१२/२४ | विवाहित २०७१/०५/१८ | जिवित |
| ४ | ईश्वरी के.सी | छोरी | २०४७/०७/१९ | विवाहित २०६६/०३/१२ | जिवित |
| ५ | विन्दु थापा क्षेत्री | छोरी | २०५२/०५/०९ | विवाहित २०७३/०१/१० | जिवित |




**जिल्ला प्रशासन कार्यालय**
**पर्वत, कुश्मा**

# महिला भलिबलमा नेपाललाई १२ औँ स्थान

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

जापानको इची-नागोयामा भइरहेको २०औँ एसियाली खेलकुद प्रतियोगितामा नेपाल १२औँ स्थानमा सीमित बनेको छ।

योसँगै जारी प्रतियोगितामा नेपालको महिला भलिबलको यात्रा टुङ्गीएको छ । यसअघि सन् २०२३ मा चीनको हाङझाउमा सम्पन्न १९औँ एसियाली खेलकुद प्रतियोगितामा नेपालले महिला भलिबलतर्फ ११औँ स्थान प्राप्त गरेको थियो ।

जापानको ओकाजाकी चुओ सोगो पार्क व्यायामशालामा आज भएको खेलमा नेपाल मङ्गोलियासँग ३-० सोझो सेटमा पराजित भएको हो । मङ्गोलियाले पहिलो सेट २५-२३ अङ्कले जित्यो ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**लमजुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

प्रस्तुत विषयको सम्बन्धमा लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. १० साविक बाँफाखेत वडा नं ०२ निवासी भारतीय भू.पू. सैनिक नं ५७४९६४२ A ३/८ जि आर का नायक आइत मान गुरुङको निवेदन अनुसार निजको श्रीमतीको नं ४०६३ नेपाली नागरिकता प्रमाण पत्रमा नामथर फुल माया गुरुङ जन्म मिति वि.सं २०२०/०४/२० (इ.सं ०४-०८-१९६३) र श्रीमानको भारतीय सैनिक अभिलेख श्रीमतीको नामथर देवी माया गुरुङ जन्म मिति इ.सं ०४-०३-१९६६ (वि.सं २०२२/११/२१) उल्लेख भई फरक परेतापनि उक्त व्यक्ति फरक-फरक नभई एउटै व्यक्ति भएको बेहोरा बेसीशहर नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ३७७, मिति २०८३/०६/०६ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना




कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.०२ निवासी भारतीय भु.पु. सै.नं.५३४५८८७८ का खेम बहादुर गुरुङको श्रीमती ना.प्र. नं.७०७१०की सरिता कुमारी सुवेदीको माग निवेदन अनुसार निजको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सरिता कुमारी सुवेदी र जन्ममिति वि.सं. २०२६।०७।१८ (ई.सं.१९६९।११।०३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा निजको नामथर सरिता कुमारी र जन्ममिति ई.सं.१९६९।११।०१ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ०२ नं. वडा कार्यालयको च.नं. २१६ मिति २०८३।०५।३० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. १० साविक राङखानी गा.वि.स. वडा नं. ५ निवासी भारतीय भू.पू. सै.नं. ५३४२५६०F पल्टन २/४ गोर्खा राईफलका Hony/Nb/Sub भिम बहादुर पुनको श्रीमतीको नेपाली नागरिकताको नाम थर भद्र कलि पुन, जन्म मिति वि.सं. २०१४/१०/०८ (21st January, 1958 A.D.) भएको साथै भारतीय पेन्सन सम्बन्धी कागजातहरुमा नाम थर लाल माया पुन, जन्म मिति 9th May., 1959 A.D. भई श्रीमतीको नाम थर र जन्म मिति फरक फरक भएता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति एउटै भएको भनी जैमिनी नगरपालिका, १० नं. वडा कार्यालयको चलानी नं. ११५, मिति २०८३/०५/१८ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## गुल्मी हाईड्रो प्रा. लि.
## को
## वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०६/०७

यस कम्पनीको मिति २०८३/०५/१९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार तपशिल बमोजिमको **मिति, समय र स्थान**मा निम्न विषयसूचीमा छलफल गर्ने गरी कम्पनीको **वार्षिक साधारण सभा** बस्ने निर्णय भएकोले सम्पूर्ण शेयरधनीहरुको उपस्थितीको लागि एवम् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**मितिः** २०८३/०६/१३ गते मगंलबार
**समयः** विहान १०:०० बजे
**स्थानः** घर नं.३३, सडक नं.२२ गणतन्त्र टोल, मालेपाटन
पोखरा म.न.पा. वडा ५, कास्की ।

**साधारण सभामा छलफल हुने विषयसूची**

**क) साधारण प्रस्तावहरु**
१) आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२) आ.व. २०८२/०८३ को बार्षिक प्रतिवेदन सम्बन्धमा ।
३) आ.व. २०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**
१) कम्पनीको जारी पूजी वृद्धी गर्नका लागि प्रवन्धपत्रको दफा ५ (ख) मा संशोधन सम्बन्धमा ।
२) कम्पनीको संचालक समितिको संख्या निर्धारण गर्नका लागि नियमावलीको दफा २८.२ मा संशोधन सम्बन्धमा ।

**ग) सञ्चालक समितिको निर्वाचन सम्बन्धमा ।**
**घ) विविध सम्बन्धमा ।**

**सञ्चालक समिति**
**गुल्मी हाईडी प्रा.लि.**
ईमेलः officepokharanp@gmail.com
फोन नं. ९८४६५१७६६६

## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ

## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. ०८३/०८४ का लागि मिति २०८३/०६/०७ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

| ब्राण्ड | मि.लि. | यू. पी. | रिजनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | रिजनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टुन | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टुन | होलसेल मुल्य प्रति कार्टुन | होलसेल कमिशन प्रति कार्टुन | रिटेल मुल्य प्रति कार्टुन | रिटेल कमिशन प्रति कार्टुन | उपभोक्ता मुल्य प्रति कार्टुन | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 7280.00 | 220.00 | 7500.00 | 400.00 | 7900.00 | 400.00 | 8300.00 | 1150.00 | 9450.00 | 525.00 |
| IMAGE 180 ML | 180 | 50 | 7280.00 | 220.00 | 7500.00 | 400.00 | 7900.00 | 400.00 | 8300.00 | 1300.00 | 9600.00 | 200.00 |
| मिराकल, ब्यालेन्स,एक्स्ट्रीम | 180 | 50 | 6800.00 | 200.00 | 7000.00 | 350.00 | 7350.00 | 350.00 | 7700.00 | 1900.00 | 9600.00 | 200.00 |
| Twenty- Twenty | 180 | 50 | 6150.00 | 150.00 | 6300.00 | 250.00 | 6550.00 | 260.00 | 6810.00 | 1350.00 | 8160.00 | 170.00 |
| उत्सव सूनामी स्ट्रोङ, मिराज,सूनामी स्ट्रोङ,उत्सव एप्पल फ्लेवर , उत्सव XXX, उत्सव दूधिया स्पेशल | 180 | 50 | 5850.00 | 150.00 | 6000.00 | 250.00 | 6250.00 | 250.00 | 6500.00 | 1180.00 | 7680.00 | 160.00 |
| XCITE, KARUWA APPLE, KARUWA PREMIUM, X-CITE GOLD, ARROW EXTRA STRONG | 300 | 70 | 1320.00 | 30.00 | 1350.00 | 55.00 | 1405.00 | 60.00 | 1465.00 | 335.00 | 1800.00 | 60.00 |
| KARUWA BLUE, 4G | 300 | 70 | 1230.00 | 20.00 | 1250.00 | 50.00 | 1300.00 | 55.00 | 1355.00 | 295.00 | 1650.00 | 55.00 |
| KARUWA(Litchi/Nimbu/Pineapple), ARROW APPLE, FATAFAT, FATAFAT GREEN | 300 | 70 | 1110.00 | 20.00 | 1130.00 | 50.00 | 1180.00 | 50.00 | 1230.00 | 270.00 | 1500.00 | 50.00 |
| करुवा ठेकी दूधिया/ब्ल्याक, करुवा दूधिया /ब्ल्याक, पानश दूधिया /ब्ल्याक,एरो दूधिया /ब्ल्याक | 300 | 70 | 1110.00 | 20.00 | 1130.00 | 50.00 | 1180.00 | 50.00 | 1230.00 | 270.00 | 1500.00 | 50.00 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारिक एवम् अन्य छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोध भर्ना दिन सकिने छ ।